# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्धारा प्रकाशित

खण्डः - ३, संख्या-६ निजगढ, जेष्ठ २४ गते २०७६ साल


नगर कार्यपालिकाबाट पारित मितिः २०७६।०२।२४

## भाग- २

## निजगढ नगरपालिका

### मेशिन उपकरण परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना :**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धि कार्य संचालन गर्दा नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका निर्माण सम्बन्धी मेशिन उपकरणको परिचालन तथा व्यवस्थापन कार्यविधि आवश्यक देखिएकोले निजगढ नगरपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७४ को दफा (४)बमोजिमयो कार्यबिधि जारी गरेएको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम निजगढ नगरपालिकाको मेशिन उपकरणको परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'वडा अध्यक्ष' भन्नाले निजगढ नगरपालिकाका वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ख) 'आयोजना' भन्नाले निजगढनगरपालिकाकोवडाहरुमा पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित वडा वा नगर वा प्रदेश वा संघ स्तरीय योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ । यसले निजगढ नगरपालिकाकोसभाबाट स्वीकृत भएका गैर सरकारी संघ सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाहरुले संचालन गर्ने आयोजना समेतलाई जनाउनेछ ।

(ग) 'अध्यक्ष'भन्नाले आयोजना कार्यन्वयनको लागि गठन भएको उपभोक्ता समितिका अध्यक्षसम्झनु पदर्छ ।

(घ) 'उपभोक्ता समिति' भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ) 'कार्यालय'भन्नाले नजगढ नगरकार्यपालिकाको कार्यालयलाई बुझाउँछ ।

(च) 'कार्यपालिका'भन्नाले निजगढ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) 'मेशिन तथा उपकरण' भन्नले पुर्वाधार बिकासको लागि प्रयोग हुनेउपकरण जस्तै बुलडोजर, एक्साभेटर, रोलर, डोजर, टिपर जस्ता श्रममूलक प्रविधि सट्टा प्रयोग हुने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(ज) 'पदाधिकारी'भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) 'वडा कार्यालय' भन्नाले निजगढ नगरभित्रका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ञ) 'सम्झौता'भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपकरण प्रयोगकर्ता व्यक्ति वा समूह वा संस्था वा समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

**३. उद्देश्य : नगरपालिका र वडा कार्यालयह?बाट सञ्चालन भएका आयोजना/ कार्यक्रमहरुमा** सघाउ पुऱ्याउनकालागि यस निर्देशिकाको तपसिलअनुसारका उद्देश्यहरु रहेका छन् :

क) नगरपालिकाको टिपर, डोजर, स्काभेटर जस्ता मेशिनको सही उपयोग र संचालन गर्ने, एवं सबै वडा र नगरमा सञ्चालित योजनामा सबैको समान पहुँच पुग्ने गरी पालैपालो प्रयोग गर्ने ।

ख) लाभ र लागतको आधारमा दिगो प्रयोगको लागि प्रयोकर्तालाई लागतमा सहभागी गराउने ।

ग) मेशिनको प्रयोगकर्ताको लगत राखी मेशिनको सुरक्षा गर्ने ।

घ) दैविक प्रकोप, नगरपालिकाका अन्य आवश्यक परेको वखत तथा अन्य नगरवासीले प्रयोग गर्न चाहेमा प्रयोग गर्ने मापदण्ड तय गर्ने ।

**४. निर्देशिका प्रयोग गर्नुपर्ने अवस्था :** यस निर्देशिकाको प्रयोग देहायका अवस्थामा हुनेछ ।

क) टिपर, डोजर, स्काभेटरको लगत राखी नगरपालिका तथा वडाहरुको योजनामा आवश्यकता र मागको आधारमा प्रयोग गर्ने ।

ख) नगरपालिकाको मेशिनको प्रयोग गरे वापतको भाडादर तय गर्ने ।

ग) माग गर्ने योजना, उपभोक्ता समूह वा व्यक्तिले अग्रीम रुपमा भाडा रकम नगरपालिका राजस्व शाखामा दाखिला गर्नु पर्ने ।

ग) दैविक प्रकोप वा नगरपालिकाबाट मेशिन प्रयोग गर्नु पर्दा आवश्यक पर्ने इन्धन मर्मतको बजेट व्यवस्था गर्ने ।

घ) वडा कार्यालयले गर्नु पर्ने सडक मर्मत तथा दैविक प्रकोपमा मेशिन प्रयोग गर्नु पर्दा वडाबाट मागको आधारमा पहिलो माग पहिलो प्राथमिकताको आधारमा संचालन गर्ने ।

ङ) मेशिन संचालन गर्न माग गर्दा प्रयोग गर्ने समय, दिन, घण्टा तोकेर माग गर्ने ।

**५. कार्यविधिको पालना गर्नुपर्ने:**

(१) नगरपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन,मर्मत सम्भार कार्य गर्नको लागि मेशिन उपकरण चालक, प्रयोगकर्ता, कार्यालयका कर्मचारी र जन प्रतिनिधिलगायत सरोकारवाला सबैले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) अयोजनाको लागत इष्टिमेट अनुसार ठूला अयोजना एवं मागको क्रम अनुसार प्राथमिकताको अधारमा मेशिन उपकरणको परिचालन गरिनेछ ।

(३) अन्य सरकारी निकाय गैरसरकारी संघसंस्था आदिबाट माग भएमा प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतले आपसमा समन्वय गरी इन्धन, मर्मत खर्च बाहेक भाडा रकम छुट दिई बा नदिई उपलब्ध गराउन सक्नेछन् ।

## परिच्छेद-२
## भाडामा लगाउने सम्बन्धी व्यवस्था

**६. मेशिन उपकरण भाडामा लगाउन सकिने:**

(१) नगरपालिकाको क्षेत्र भित्रका अयोजनाहरूमा समितबाट अनसूची ३ बमोजिको भत्ता लिइ मेशिन उपकरण परिचालन गर्न दिन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बाहेक तत्काल गर्नु पर्ने आयोजनाहरू, प्राकृतिक प्रकोप, फोहोर मैला व्यबस्थापन जस्ता कार्यहरूमा भाडा बिना पनि मेशिनरी उपकरणको प्रयोग र परिचालन गर्न सकिनेछ ।

(३) कार्यालयले नगर सभाबाट स्विकृत योजना भन्दा बाहेक नगर भित्र सञ्चालित अन्य सामुदायिक योजना तथा व्यक्तिगत प्रयोजनमा पनि तोकिएको भाडा लिइ

मेशिन उपकरणा भाडामा दिन सक्नेछ। तर यसरी भाडामा दिंदा स्विकृत अयोजनाहरूलाई पहिलो प्राथमिकता सामुदायिक योजनालाई दोस्रो र व्यक्तिगत प्रयोजनलाई तेस्रो प्राथमिकतामा राखेर दिनु पर्नेछ ।

(४) कार्यालयलेनियमित र अनिबार्य कामलाई प्रतिकुल प्रभाव पर्ने गरी मेशिनरी उपकरण भाडामा दिन बाध्य हुने छैन ।

(५) मेशिन उपकरण प्रयोग हुँदा खपत हुने इन्धन सम्बन्धित प्रयोगकर्ताले ब्यहोर्नुपर्नेछ । कार्यालयको तर्फबाट इन्धन कुपन लिई प्रयोग गरेमा सो वापतको रकम समेत भाडा सरह असुल हुनेछ ।

(६) संचालन अवधिमा बिग्रिएमा रु ५००० लागत बराबरको मेशिन उपकरण भाडामा लिने पक्षले नै व्यहोर्नु पर्नेछ । सो भन्दा बढी रकम खर्च हुने भएमा कार्यालयले ब्यहोर्नेछ ।

७ दिनका लागि स्वीकृत लिई मेशिन संचालन गर्ने पक्षले संचालन अवधिमा बिग्रिएमा रु ३००० लागत बराबरको मेशिन मर्मत खर्च भाडा लिने पक्षले नै व्यहोर्नु पर्नेछ। सो भन्दा बढी रकम खर्च हुने भएमा नगरपालिकाले ब्यहोर्नेछ।

## परिच्छेद - ३
## भाडामा लिने दिने प्रक्रिया

**७. भाडामा लिनेले निवेदन दिनु पर्ने :** (१) मेशिनरी उपकरण भाडामा लिन इच्छुक समिति सस्था व्यक्तिले योजना कार्यान्वयन हुनेसम्बन्धित वडा कार्यालयको सिफारिस सहित कार्यालयमा अनुसूचि १ बमोजिमको निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त निवेदनलाई प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धीत शाखा वा फाँटमा सञ्चालित अयोजनाले पार्ने वातावरणीय प्रभाव, दिगोपना, माग अनुसार बजेटको अवस्था अदिको बारेमा लिखित यकिन गरी एक पटकमा बढीमा ७ दिनको लागि अनुसूची २भर्पाई समित गरि मेशिन उपकरण परिचालन गर्न स्विकृति दिने छन् ।

(३) उपदफा२ मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर सभाबाट स्विकृत योजना बाहेकका योजनामा मेशिन उपकरण पठाउँदा भाडा भत्ता वापतका लागत इष्टिमेट अनुसारको रकम अग्रीम भुक्तानी नगरी मेशिनरी उपकरण पठाइने छैन ।

(४) अयोजना स्थलमा कुनै प्रकारको वादविवाद सिर्जना भइ मेशिनरी उपकरणमा हानी नोक्सानी भएमा त्यस बापतको क्षती प्रयोगकर्ता समिति, समूह वा व्यक्ति स्वयमले बेहोर्नु पर्नेछ ।

(५) तोकिएको समय र तोकिएको परिमाण भन्दा बढी काम भएमा काममा लगाउने समिति, संस्था वा व्यक्ति स्वयमले तोकिएको भाडा दर सत प्रतिशत सम्म

जरिवाना तिर्नु पर्नेछ। यसरी सम्झौता विपरित काम गराउने समूह, संस्था, समिति वा व्यक्तिलाई पुन मेशिन उपकरण उपयोगमा बन्देज लगाइनेछ।कार्यालयले यस्ता समूह, संस्था, समिति वा व्यक्तिको अभिलेख राख्नेछ।

(६) सम्झौताको लागि आवश्यक कागजातहरुः (१) मेशिन उपकरणको भाडा सम्झौताको लागि तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछ।

(क) सम्झौता गर्नेको नागरिकताको प्रतिलिपि

(ख) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवारीतोकिएको निर्णयकोप्रतिलिपि

(ग) सम्बन्धीत वडा कार्यालयबाट प्राप्त सिफारिस

(घ) अन्य आवश्यक कागजात

## परिच्छेद - ३
## कार्यान्वयन तथा व्यवस्थापन

**८. मेशिन उपकरण व्यवस्थापनको जिम्मा दिन सकिने :** (१) कार्यालयले शाखा तोकी त्यस्तो शाखालाईवा कुनै कर्मचारीलाई मेशिन उपकरण परिचालनको जिम्मा दिन सक्नेछ।

(२) उपदफा १ बमोजिम जिम्मा पाएको शाखा वा कर्मचारीले मेशिन उपकरणको अपरेटर सहअपरेटर समेतको कामको रेखदेख गर्ने, काममा लगाउने र कामको विवरण अध्यावधिक गरी प्रमुख प्रशासकीय अधिकृतलाई अवगत गराउनु पर्छ।

(३) काममा खटिएका अपरेटर र मेशिनरी उपकरणको रेखदेख तथा अनुगमन उपदफा १ बमोजिम जिम्मा पाएको शाखा वा कर्मचारीले गर्नु पर्दछ।

(४) मेशिनरी उपकरणहरूकोमर्मत तथा सम्भार गर्ने जिम्मेवारी जिम्मा लिने कर्मचारीको भएता पनि मर्मत गर्नु पूर्व सम्बन्धीत प्राबिधिकबाट इष्टिमेट गराइ प्रमुख प्रशासकीय अधिकृतको स्विकृतिमा मात्र गर्नु पर्नेछ।यसरी स्विकृति दिनु पुर्व प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखसँग समन्वय गरी कार्यन्वयन गर्नुपर्नेछ।

**९. भाडा निर्धारणसम्वन्धि व्यबस्थाः** (१) मेशिनरी उपकरणको प्रयोग गरेकोमा सोको भाडा कट्टा गरेर मात्र दिनेछ।

**१०. भुक्तानी प्रकृयाः** (१) स्वीकृत योजनाको भुक्तानी दिंदा मेशिन उपकरणको भाडा आयोजनाको भुक्तानी दिंदा कटाएर दिन सकिनेछ।

(२)भाडा वापत प्राप्त रकमलाई आर्थिक प्रशासन शाखाले आम्दानी वोधी छुट्टै अभिलेखीकरण गर्नेछ।

(३) मेशिन उपकरणको मर्मत संभार खर्च यहि आम्दानी रकमबाट गरिनेछ। यसबाट नपुग भएमा मात्र कार्यालयको सञ्चित बजेट शिर्षकबाट खर्च लेख्न सकिनेछ।

## अनुसूची - १
## निवेदनको ढाचा

मिति : २०७६/...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
निजगढ नगरपालिका
नगरपालिकाको कार्यालय
निजगढ,बारा

विषय : -

उपरोत्त विषयमा त्यस कार्यालयको ................नं को ..............मेशिन उपकरण निम्नानुसार कार्यमा आवश्यक परेको हुँदा आवश्यक कागजात यसैसाथ संलग्न राखी पेश गरेको छु/छौ ।

योजनाको नाम :-
प्रयोग हुने स्थान :-
समयावधी :- ................देखी .............. सम्म ............. दिन / घण्टा

निवेदक
नाम :-
हस्ताक्षर :-
पद :-
संस्था :-

संलग्न कागजातहरु
१ निवेदकको नागरीकताको प्रमाणपत्रको प्रतिलिपी
२ संस्थाको निर्णयको प्रति लिपी
३ वडा कार्यालय /कार्यालयको सिफारीश पत्र
४ अन्य कागजात :-

**कार्यालय प्रयोजन**

**माग भए बमोजिम ............ नं. को ............. मेशिन उपकरण निवेदकलाई उपलब्ध गराउन उपयुक्त देखि पेश गरेको छु ।**
**भाडा रकम रु :-**
**भत्ता रकम रु. :-**
**भाडा भत्ता भुक्तानी भए नभएको :-**
**इन्धन :-**
**अन्य :-**

**.......................** **.......................**
**पेश गर्ने** **स्वीकृत गर्ने**

## अनुसूची - २
## भर्पाईको ढाँचा

......................... प्रयोजनका लागि निजगढ नगरपालिका नगर कार्यालयको ............ नं. को ............... मेशिन उपकरण मिति २०......../....../....... देखि २०......./......./........ सम्म जम्मा ................. घण्टा/दिनको लागि भाडा वापत रु. .................... भुक्तानी गरि/गर्ने र निजगढ नगरपालिकाको मेशिन उपकरण परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ का प्रावधान बमोजिम हुने गरी जिम्मा लिएको छु ।

<u>बुझिलिने</u>

हस्ताक्षर :

नाम :

पद :

समितिसंस्याको छाप :

मिति : २०....../....../......

<u>बुझाउने</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालयको छाप :

## अनुसूची - ३
## भाडा दर

३.१ मेसिनरी औजार तथा सवारी साधनको भाडा दर :-

| सि.नं. | मेसिन उपकरण | एकाई | उपभोक्ता समूह | निजगढ न.पा. भित्रको निजी प्रयोजन व्यक्तिले | निजगढ बाहिर |
|---|---|---|---|---|---|
| १ | व्याक होलोडर | घण्टा | १२०० | १४०० | १६०० |
| २ | ग्रेडर | घण्टा | २५०० | ३००० | ३५०० |
| ३ | ट्रिपर ६ चक्के | दिन | ५००० | ६००० | ७५०० |
| ४ | ट्रिपर १० चक्के | दिन | ७००० | ८५०० | १०,००० |
| ५ | ट्रयाक्टर | दिन | १५०० | १६०० | २००० |
| ६ | सक्सन टयङ्कर | ट्रिप | १००० | १२०० | १५०० |
| ७ | रोलर | प्रति घण्टा | १००० | १२०० | १५०० |
| ८ | स्काभेटर | प्रति घण्टा | १८०० | २००० | २५०० |

नोट :

क) मेसिन उपकरणमा लाग्ने इन्धन भाडामा प्रयोग गर्नेले व्यहोर्नु पर्नेछ।

३.२ मेसिन उपकरण सवारी चालकको भत्ता (हेल्पर सहित ) :-

| सि.नं. | मेसिन औजार | एकाई | भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | ब्याकहो लोडर | दिन | रु. १००० | एक जना हेल्पर सहित |
| २ | ग्रेडर | दिन | रु. १००० | एक जना हेल्पर सहित |
| ३ | टिपर | दिन | रु. ५०० | एक जना हेल्पर सहित |
| ४ | सक्सन टकर | दिन | रु. ५०० | एक जना हेल्पर सहित |
| ५ | ट्रयाक्टर | दिन | रु. ३०० | एक जना हेल्पर सहित |
| ६ | रोलर | दिन | रु. ५०० | एक जना हेल्पर सहित |
| ७ | स्काभेटर | दिन | रु. १५०० | एक जना हेल्पर सहित |

नोट : उपकरण सवारी चालक भत्ता उपकरण प्रयोग गर्ने पक्षले व्यहोर्ने छ।

<u>प्रमाणीकरण गर्नेको</u>
नाम : श्री सुरेशकुमार खनाल
पद : नगर प्रमुख
नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०२।२४
पृष्ठ संख्या : ८
मुल्य : रु. १०/-